नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०८०/८१

च.नं. २८२

---

मिति २०८०/०५/१०

**विषय : परिपत्र सम्बन्धमा ।**

**श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (बागमती, कोशी, मधेश, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश), सबै ।**

प्रस्तुत बिषयमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भएका निजामती तथा अन्य सरकारी सेवाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फारम मूल्याङ्कन गर्ने/गराउने सम्बन्धमा सम्बन्धित प्रदेशमा प्रमुख सचिवको पद रिक्त भएको अवस्थामा देहाय बमोजिम गर्नु/गराउनुहुन नेपाल सरकार(मन्त्रिपरिषद्) को मिति २०८०/०४/३० गतेको निर्णयानुसार अनुरोध छ ।

देहायः-

क) प्रदेशको प्रमुख सचिव पद रिक्त रहेको अवस्थामा प्रदेश प्रमुखको कार्यालय प्रदेशस्तरका मन्त्रालय प्रदेश सभा सचिवालयका राजपत्राङ्कित प्रथम श्रेणी/एघारौं तहका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षण र पुनरावलोकन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवले गर्ने ।

ख) खण्ड (क) बमोजिमको अवस्थामा प्रदेशस्तरका मन्त्रालय, प्रदेश सभा सचिवालय र प्रदेश अन्तर्गतका निर्देशनालय लगायतका कार्यालयहरुमा कार्यरत अधिकृतस्तर नवौं/दशौं तहका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्नका लागि पुनरावलोकन समितिको अध्यक्षता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश समन्वय हेर्ने सचिवले गर्ने ।

ग) खण्ड (क) बमोजिमको अवस्था रहेका प्रदेश र सो प्रदेश भित्रका स्थानीय तहका लागि प्रमुख सचिवले तोक्ने भनिएका सुपरीवेक्षक, पुनरावलोकनकर्ता तथा पुनरावलोकन समितिका सदस्य तोक्ने र पुनरावलोकन समितिको अध्यक्षता सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवले गर्ने ।

मिरा आचार्य

उपसचिव

बोधार्थः-

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गर्नुहुन ।

---

इमेलः internal.mgmt@mofaga.gov.np

"व्यवसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"